
**अध्यक्ष डिटर एफ्. उक्डोफद्वारा**
प्रथम अध्यक्षतामा दोस्रो सल्लाहकार



# उहाँका सन्ततीहरुका लागि परमेश्वरका वचनहरु

धर्मशास्त्रहरुले हामीलाई भन्छन् कि परमेश्वरले पुरुष र महिलाको सृष्टि गरे पछिको पहिलो काम तिनीहरुसँग कुरा गर्नुभयो । १ तिनीहरुलाई दिनका लागि उहाँसँग महत्वपूर्ण जानकारी र अमूल्य निर्देशनहरु थिए । उहाँको उद्देश्य तिनीहरुलाई बोझ दिनु वा चिन्तित बनाउनु नभई तिनीहरुलाई खुशी र अनन्त महिमातर्फ निर्देशित गर्नु थियो ।

अनि त्यो केवल शुरुवात मात्रै थियो । त्यो दिन देखि आजको दिनसम्म परमेश्वरले उहाँका सन्ततीसँग वार्तालाप गर्ने कुरालाई निरन्तरता दिनुभएको छ । उहाँका वचनहरुलाई सुरक्षित राखिएको छ, धनराशीका रुपमा लिइएको छ र हरेक पुस्ताका अनुयायीहरुद्वारा अध्ययन गरिएको छ । परमेश्वरको चाहनालाई जान्न प्रयास गर्नेहरुबाट तिनीहरुलाई ग्रहण गरिएको छ अनि “परमप्रभु परमेश्वरले केही गर्नुहुँदैन तर उहाँका सेवकहरु, अगमवक्ताहरुका माध्यमबाट उहाँको गोपनियतालाई प्रकट गर्नुहुन्छ” भनेर उहाँहरुले साक्षी दिनुहुन्छ । २

समयको सुरुवातसँगै यो नमूना बन्दै आएको छ र आज पनि यो नमूना निरन्तर छ । यो बाइवलको रोचक कथा मात्रै होइन, यो उहाँका सन्ततीहरुसँग महत्वपूर्ण सन्देश बाँड्ने परमेश्वरको स्थापित् तरिका हो । हाम्रो बीचबाट उहाँले व्यक्तिहरुलाई उठाउनुहुन्छ, तिनीहरुलाई बोलावट दिनुहुन्छ र उहाँहरुलाई बोल्नका लागि शब्दहरु दिनुहुन्छ जुन उहाँको आफ्नै मुखबाट बोलिएका वचनहरुका रुपमा प्राप्त गर्न हामीलाई आमन्त्रण गरिएको छ । ३ उहाँले घोषणा गर्नुभयो, “मेरो आफ्नै आवाज वा मेरा सेवकहरुको आवाज यो उस्तै हो ।” ४

यो पुनरुत्थानको महिमित, प्रोत्साहन गर्ने र आशावादी सन्देश मध्येको एक हो–परमेश्वर मौन हुनुहुन्न । उहाँले उहाँका सन्ततीहरुलाई माया गर्नुहुन्छ । अन्धकारमा रुमल्लिन उहाँले हामीलाई छोड्नुभएको छैन ।

हरेक वर्ष दुई पटक, अप्रिल र अक्टोवरमा हाम्रा रोचक साधारण सम्मेलनहरुमा उहाँका सेवकहरुका माध्यमबाट परमप्रभुको आवाजलाई सन्ने अवसर हामीलाई छ ।

म तपाईंलाई मेरो व्यक्तिगत साक्षी दिन्छु कि मञ्च सम्मको त्यो यात्रा गर्न भन्दा धेरै अगाडि देखि साधारण सम्मेलनका वक्ताले उहाँलाई बोल्न दिएको कार्यभारका लागि अत्यधिक प्रयास, प्रार्थना र अध्ययन गर्नुभएको हुन्छ । साधारण सम्मेलनका हरेक सन्देशले परमप्रभुले उहाँका सन्तहरुले के सुनून् भनेर चाहना राख्नुभएको छ भन्ने बुझ्नका लागि तयारीका अनगिन्ती घण्टा र हृदयदेखिका बिन्तीको प्रतिनिधित्व गर्दछ ।

यदि श्रोताका रुपमा हामी स्वयम्को तयारीसँग वक्तासँग मिल्यो भने के हुन्छ ? यदि हामीले सम्मेलनलाई परमप्रभु स्वयम्बाट सन्देश प्राप्त गर्ने अवसरका रुपमा लियौं भने साधारण सम्मेलन प्रतिको हाम्रो धारणा कसरी फरक हुन्छ ? साधारण सम्मेलनका शब्द र संगीतका माध्यमबाट हामी व्यक्तिगत रुपमा आफूले सामना गरिरहन सक्ने प्रश्न वा समस्याहरुको उत्तर प्राप्त गर्ने अपेक्षा राख्न सक्छौं ।

यदि तपाइँ स्वर्गमा रहनुहुने पिताले तपाइँसँग कुरा गर्नुहुन्छ कि हुँदैन भन्ने विस्मयमा हुनुहुन्छ भने म तपाइँलाई हाम्रो प्राइमरीको साधारण तर गहन शब्दहरुलाई स्मरण गराउँछु : “तपाइँ परमेश्वरको सन्तान हुनुहुन्छ र उहाँले तपाइँलाई यहाँ पठाउनुभएको छ ।” उहाँको उद्देश्य भनेको “कुनै दिन उहाँसँगै बस्न” तपाइँलाई फर्किन सहयोग गर्नु हो ।

यदि तपाइँले उहाँको सन्ततीका रुपमा स्वर्गमा रहनुहुने पिताका साम् पुग्नुभयो भने, तपाइँले विनम्र हृदयले उहाँलाई सोध्न सक्नुहुन्छ, “मलाई अगुवाइ गर्नुहोस्, मलाई निर्देशित गर्नुहोस्, मेरो छेउमै हिँड्नुहोस्, मलाई बाटो पत्ता लगाउन सहयोग गर्नुहोस् । मैले गर्नुपर्ने सबै गर्न मलाई सिकाउनुहोस् ।” उहाँले उहाँको पवित्र आत्माका माध्यमबाट तपाइँसँग बोल्नुहुनेछ अनि त्यसपछि उहाँको चाहना अनुरुप गर्ने नगर्ने तपाइँमा भरपर्छ । म प्रतिज्ञा गर्छु कि यदि तपाइँले गर्नुभयो भने “महान् आशीषहरु भण्डारमा छन् ।”५

विश्वको इतिहासमा परमप्रभुको निर्देशन जति आवश्यक थियो त्यति नै आज पनि आवश्यक छ । जब हामीले परमप्रभुका वचनहरु सुन्ने तयारी गर्दछौं हामी गहन रुपमा सत्यको आत्माको खोजी गर्न सकौं ताकि जब परमप्रभुले उहाँका सेवकहरुको माध्यमबाट बोल्नुहुनेछ हामीले बुझ्न सकौं, सन्तुष्ट बन्न सकौं र सँगै खुशी बन्न सकौं । ६

म प्रमाणित गर्छु कि “यी कुराहरु गरेमा हामी विरुद्धमा नरकको ढोका प्रवल हुन सक्दैन, हो अनि परमप्रभु परमेश्वरले हामी

अगाडिबाट अन्धकारको शक्ति हटाउनुहुनेछ र हाम्रो भलाइका लागि अनि उहाँका नामको महिमाका लागि स्वर्गलाई हल्लिने बनाउनुहुनेछ ।"७

**सूचीहरु**

१. हेर्नुहोस् उत्पत्ति १:२८.
२. आमोस ३:७.
३. सिद्धान्त र कराहरु २१:५.
४. सिद्धान्त र करारहरु १:३८.
५. "म परमेश्वरको एक सन्तान हूँ," भजनहरु नं. ३०१; बच्चाहरुको भजनको पुस्तक, २-३.
६. हेर्नुहोस् सिद्धान्त र करारहरु ५०:२१-२२.
७. सिद्धान्त र करारहरु २१:६.

---

**यो सन्देशबाट सिकाउने**

साधारण सम्मेलनको समयमा जब हामीले परमेश्वरले नियुक्त गर्नुभएका सेवकहरुलाई सुन्छौं, हामीले हाम्रा प्रश्नहरु र समस्याहरुको व्यक्तिगत उत्तरहरु प्राप्त गर्न सक्छौं । तपाईंले सिकाउनेहरुसँग निम्न कुराहरुमा छलफल गर्नुलाई ध्यान दिनुहोस्: साधारण सम्मेलको समयमा त्यस्ता उत्तरहरु प्राप्त गर्नका लागि तपाईंले कसरी तयार गर्न सक्नुहुन्छ ? अध्यक्ष उक्डोर्फले सत्यको आत्मालाई गहन रुपमा खोजीगर्न प्रोत्साहन गर्नुहुन्छ । तपाईंलाई त्यसको के अर्थ छ भन्ने लाग्छ र आफ्नो तयारीमा तपाईंले यसलाई कसरी समावेश गराउन सक्नुहुन्छ ? सिद्धान्त र करार २१:६ मा उल्लेख गरिएका आशीषहरुका अलावा तपाईंले उहाँका सेवकहरुका माध्यमबाट परमप्रभुका वचनहरुलाई सुन्ने तयारी गर्दा तपाईंलाई अन्य कुन आशीषहरु प्राप्त हुन्छन् ? तपाईंले सिकाउनेहरुलाई साधारण सम्मेलनमा आत्माले तिनीहरुलाई के सिकायो भन्ने बारेमा दैनिकीमा लेख्नका लागि आमन्त्रण गर्नुहोस् ।

## युवा

**परमेश्वरका आवाज सुन्न तयारी गर्ने**

अध्यक्ष उक्डोर्फले पुरुष र महिलाको सृष्टि गरिसकेपछि परमेश्वरले पहिलो कुरा तिनीहरुसँग बोल्नुभयो र तिनीहरुलाई महत्वपूर्ण जानकारी र निर्देशन दिनुभयो । अप्रिल र अक्टोवरका साधारण सम्मेलनहरुमा हामीले त्यही आशीषहरु प्राप्त गर्दछौँ जब चर्चका अगुवाहरुले हामीलाई सम्बोधन गर्नुहुन्छ र हामीलाई सल्लाह दिनुहुन्छ जुन परमप्रभुले हामीलाई सुनून् भनेर चाहनुहुन्छ ।

के तपाईंले साधारण सम्मेलनमा उहाँका सेवकहरुका माध्यमबाट परमेश्वरको आवाजलाई कहिल्यै सुन्नुभएको छ ? के तपाईंले कुनै एक विशिष्ट सन्देशले आफूले खोजिरहेको जवाफ दिएको महसुस गर्नुभएको छ ? दैनिकीमा तपाईं यो अनुभव र यसले तपाईंलाई कसरी सहयोग गऱ्यो भन्ने बारेमा लेख्न सक्नुहुन्छ । त्यसपछि तपाईंसँग भएका प्रश्नहरुलाई लेखेर र तपाईंको धर्मशास्त्र अध्ययनका समयमा तिनीहरुको अध्ययन गरेर आगामी सम्मेलनमा परमप्रभुको आवाजलाई सुन्नका लागि तयारी गर्नुहोस् । सम्मेलनको समयमा जवाफ र प्रेरणा प्राप्त गर्नका लागि अनुरोध गर्दै स्वर्गमा रहनुहुने पितालाई प्रार्थना गर्नुहोस् । जब तपाईंले परमप्रभुका सेवकहरुलाई सुन्नुहुनेछ व्यक्तिगत प्रोत्साहनमा जोड दिनुहोस् । तपाईंले के सिक्नुभयो ? परिवर्तनका लागि तपाईं कसरी प्रोत्साहित भएको महसुस गर्नुभयो ? यी प्रोत्साहनहरुलाई लेख्नुहोस् किनकि त्यो नै तपाईंसँग आत्माले बोलेको हो ।

स्वर्गमा रहनुहुने पिताले तपाईंलाई प्रेम गर्नुहुन्छ र सही दिशातर्फ तपाईंलाई निर्देशित गरिरहनुहुनेछ भनेर सम्झनुहोस् । उहाँका सेवकहरुका माध्यमबाट जब तपाईंले उहाँको आवाजलाई सुन्ने प्रयास गर्नुहुन्छ तपाईं आशीषित र सन्तुष्ट हुनुहुनेछ ।

## बच्चाहरु

**सम्मेलनका लागि तयार हुनुहोस् !**

यी प्रोत्साहनहरुलाई कागजको एक टुक्रामा लेख्नुहोस् । सम्मेलनको समयमा यो कागजको टुक्रालाई आफूसँगै राख्नुहोस् ताकि आफूले सिकेका कुराहरु तपाईं लेख्न सक्नुहोस् ।

तपाईंका प्रश्नहरु लेख्नुहोस् । … का बारेमा म विश्मयमा छु । स्वर्गमा रहनुहुने पितालाई प्रार्थना गर्नुहोस् ।… का बारेमा सिक्न म सहयोग चाहन्छु ।

साधारण सम्मेलन सुन्नुहोस् । मैले …..सिकैं ।

यो सन्देश प्रथम अध्यक्षताको पनर्गठन पूर्व नै तयार पारिएको थियो ।

© 2018 द्वारा Intellectual Reserve, Inc सर्वाधिकार सुरक्षित । यूएसए मा मुद्रित । अङ्ग्रेजी अनुमोदन ६/१७ । अनुवाद अनुमोदन: ६/१७ । को अनुवाद

# हरेक दिदीबहिनीका **लागि** नाम लिएर प्रार्थना गर्नुहोस्

*विशेषत: नाम लिएर हरेक दिदीबहिनीका लागि विनम्रतापूर्वक प्रार्थना गर्दा हामीले भेटगर्नेहरु बारेको हाम्रो प्रेम र प्रेरणा बढ्नेछ ।*

राहत समाज

प्रीतिय प्रेमको कहिल्यै अन्त्य हुँदैन

आस्था, परिवार, राहत

धर्मशास्त्रहरुले अरुहरुको नाम लिएर प्रार्थना गर्ने पुरुष र महिलाहरुको धेरै उदाहरणहरुलाई उल्लेख गर्दछन् । यस्ता अति नै उत्सुकहरु मध्ये सानो अल्माका पिता एक हुन् । सानो अल्मासँग यसो भन्दै एक देवदूतले बोल्नुभयो कि उहाँका पिताले अति नै आस्थाका साथ तिम्रा लागि प्रार्थना गर्नुभयो ...; त्यसैले यो उद्देश्यका लागि मैले तिमीलाई परमेश्वरको शक्ति र अधिकारका बारेमा सम्झाउन आएको छु कि आस्था अनुसार सेवकका प्रार्थनाहरुको जवाफ मिलोस् । (मोसीयाह)

एकअर्काका लागि प्रार्थना गर्नाले परमप्रभुले हामीलाई दिन चाहनुभएका आशीषहरु प्राप्त गर्नका लागि हाम्रो हृदयलाई खुल्ला गर्दछ । "प्रार्थनाको उदेश्य परमेश्वरको चाहनालाई परिवर्तन गर्ने होइन तर हामी स्वयम् र अरुहरुका लागि परमेश्वरले दिन पहिला नै चाहनु भएका आशीषहरुलाई सुरक्षित गर्नु हो, तर पनि प्राप्त गर्नका लागि हामीले सोध्नुपर्ने हुन्छ ।"१

एक दिदीले उहाँको जीवनको कठीन परिस्थितिमा उहाँका भेटगर्ने शिक्षिकाहरुबाट आएका टेक्स् सन्देशहरु, एक फोन कल वा साधारण सन्देशहरु प्रायश: "कठीनाइका विशेष परिस्थितिहरु" मा नै आएको कुरालाई उल्लेख गराउनुभयो । तिनीहरु उहाँलाई कहिले प्रोत्साहनको आवश्यकता थियो भनेर बुझेको जस्ता देखिन्थे । उहाँलाई थाहा भयो कि तिनीहरुले उनीहरुको भेटगर्ने समयमा र तिनीहरु आफैँले उहाँका लागि प्रार्थना गरे ।

"यदि हरेक दिदीबहिनीले बिहान र बेलुका वा त्यो भन्दा पनि राम्रो, परमप्रभुले आज्ञा दिए जस्तै गरेर निरन्तर रुपमा इमान्दार प्रार्थना गर्दाको संयुक्त शक्तिका बारेमा सोच्नुहोस्" जुली बी बेक, राहत समाजकी भूतपूर्व अध्यक्षले भन्नुभयो । २ हामीले भेट गर्नेहरुका लागि प्रार्थना गर्नाले व्यक्तिगत रुपमा र पछिल्ला दिनका सन्त महिलाका रुपमा हामीलाई मजबुत बनाउँछ ।

अध्यक्ष हेनरी बी. आइरिङ प्रथम अध्यक्षतामा पहिलो सल्लाहकारले भन्नुभयो: "तिनीहरुको हृदयलाई बुझ्ने तरिकाका लागि प्रार्थना गर्नुहोस् । ... तपाईंले तिनीहरुलाई सहयोग गर्न परमेश्वरले तपाईंलाई के गर्न भन्नुहुन्छ भनेर बुझ्न, अनि तिनीहरुका लागि परमेश्वरको प्रेमलाई महसुस गरेर सम्भव भएसम्म उत्तम तरिकाले यो सबै गर्नका लागि प्रार्थना गर्नु आवश्यक छ ।"३

### सूचीहरु

१. Guide to the Scriptures, "Prayer."
२. Julie B. Beck, "What Latter-day Saint Women Do Best: Stand Strong and Immovable," Liahona Nov. 2007, 110.
३. Henry B. Eyring, "Priesthood and Personal Prayer," Liahona May 2015, 85.

### *यसलाई महत्व दिनुहोस्*

तपाईंले आफूले भेटगर्ने हरेक दिदीबहिनीका लागि प्रार्थना गर्दा तपाईंमा हालसालै त्यस्ता कुन प्रेरणा र विचारहरु आएका छन् ?

### *प्रशासन गर्ने*

हरेक दिदीबहिनीको नाममा प्रार्थना गरेर, हामीले आफूले भेट गर्ने दिदीबहिनीहरुको आवश्यकतालाई कसरी प्रतिक्रिया दिने भनेर व्यक्तिगत प्रकाश प्राप्त गर्नेछौं ।

© 2018 द्वारा Intellectual Reserve, Inc. सर्वाधिकार सुरक्षित । यू एस् ए मा मुद्रित । अङ्ग्रेजी अनुमोदन ६/१७ । अनुवाद अनुमोदन: ६/१७ । को अनुवाद भेट गर्ने शिक्षिकाको सन्देश, मार्च २०१८ भाषा Nepali. १५०४९ ३७२